# नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था

**परिचय**

नेपाल अपाङ्ग समाज (NSD) ले आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा पछाडि रहेका अपाङ्गता भएका व्यक्ति र उनका अभिभावकहरुको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले २०५५ सालमा नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था (NSDMC) को स्थापना गरेको हो । नेपालको सहकारी ऐन २०४८ बमोजिम स्थापित यो सहकारी संस्था डिभिजन सहकारी कार्यालय काठमाण्डौमा दर्ता भएको हो । नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था (NSDMC) नेपालको अपाङ्गताको क्षेत्रमा स्वयं अपाङ्गता भएका व्यक्तिद्वारा स्थापित पहिलो सहकारी हो ।

नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था (NSDMC) आफ्ना सदस्यहरुद्वारा संकलित शेयर पूँजी, उदार नेपाली दाता महानुभावद्वारा प्राप्त सहयोग एंव सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त अनुदान बाट सञ्चालित रहँदै आएको छ ।

काठमाण्डौ उपत्यकामा छरियर रहेका, स्थायी वा अस्थायीरुपमा बसोबास गर्ने र गरीबी भोगि रहेका अपाङ्गता भएका व्यक्ति र उनका अभिभावहरुलाई व्यावसायिक क्षमता विकास र वित्तिय सेवा (विनाधितो कर्जा) प्रदान गरी स्वरोजगारको माध्यमबाट उनीहरुको जीवस्तर सुधारमा टेवा पुऱ्याउदै आएको छ ।

**उद्देश्य**

- अपाङ्गता भएका ब्यक्ति र उनका अभिभावकहरुमा व्यावसायिक सिप र क्षमताको विकास गराई उनीहरुलाई उद्यमशील / व्यावसायिक बन्न सहयोग पुऱ्याउने ।
- अपाङ्गता भएका व्यक्ति र साङ्ग व्यक्तिलाई सँगसँगै काम गर्ने अवसर निमार्ण गर्ने र उनीहरुविच पारस्परिक सहयोग र मितव्ययी भावनाको विकास गराउने ।
- आर्थिक, सामाजिक तथा शैक्षिकरुपमा पछाडि रहेका र वित्तीय क्षेत्रमा समेत पहुँच नभएका अपाङ्गता भएका ब्यक्ति, पूर्ण तथा अति अशक्तका अभिभावकहरुलाई नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्थामा आवद्ध गरी सहज र सहुलियत रुपमा कर्जा प्रवाह गर्ने र आयमूलक व्यावसायको माध्यमबाट उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सहयोगी बन्ने ।
- अपाङ्गता र गरीवीको कारणबाट हुने पारिवारिक तथा सामाजिक विभेद न्युनीकरण गर्दै उनीहरुलाई घर परिवार र समाजमा सम्मानित तथा मर्यादित जीवन ब्यतित गर्न सक्षम बनाउने ।

**क्षेत्र**

- काठमाण्डौ उपत्यका

**लक्षित वर्ग**

- काठमाण्डौ उपत्यकामा छरियर रहेका, स्थायी वा अस्थायीरुपमा वसोवास गर्ने, आर्थिक, समाजिक शैक्षिकरुपमा पछाडि रहेका र वित्तीय क्षेत्रमा समेत पहुँच नभएका अपाङ्गता भएका व्यक्ति र पूर्ण तथा अति असक्तका अभिभावकहरु

**प्रमुख क्रियाकलापहरु**

- अपाङ्गता भएका व्यक्तिहरुलाई सहकारिताको वारेमा सचेतना अभिवृद्धि कार्यक्रम
- व्यवसायिक सिप तथा क्षमता विकास तालिम

- वचत तथा ऋण परिचालन तालिम
- वचत संकलन तथा व्यवसायिक कर्जा प्रवाह
- स्वरोजगार मूलक व्यवसाय स्थापना तथा सञ्चालन

## सहकारी संस्थाको पूँजी संरचना

नेपाल अपाङ्ग समाज वहुउद्देश्यीय सहकारी संस्थामा हाल तपसिलवमोजिमको पूँजी रहेको छ-

- शेयर पुँजी
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त अनुदान
- अपाङ्गता स्वरोजगार कोष (उदार नेपालीदाता महानुभावद्वारा प्राप्त सहयोग)

## पूँजी परिचालनप्रतिको हाम्रो प्रतिवद्धता

पूँजी परिचालनप्रति NSDMC मूलतः तपसिल बमोजीमका प्रतिवद्धतालाई पालना गर्दछ :-

- स्वरोजगारका लागि पूँजी परिचालन गर्नुपूर्व लक्षित वर्गलाई सहकारी संस्थाको शेयर सदस्यताको दायरामा ल्याईनेछ ।
- पूँजी परिचालन गर्दा लक्षित वर्गलाई **पहिला दिने र पछि लिने** पद्धति आत्मसाथ गरिनेछ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त हुने अनुदान रकम शेयर पूँजीमा नराखी अनुदान कोषमा राखिनेछ ।
- उदार दाता महानुभावद्वारा स्वेच्छाले प्राप्त हुन आउने रकम शेयर पूँजीमा नराखी **अपाङ्गता स्वरोजगार कोष** को नाममा राखिनेछ ।
- अनुदान कोष र अपाङ्गता स्वरोजगार कोष परिचालन गर्दा प्राप्त हुने आम्दानी कार्यालय सञ्चालनमा प्रयोग गरीने छ र वचत हुने आम्दानी अनुदान कोष र अपाङ्गता स्वरोजगार कोषमा राखी कोष बृद्धि गरिनेछ ।
- शेयर सदस्यको दायीत्व (हक दावी) उसको शेयर पुँजीसम्म मात्र हुने छ र अनुदान कोष र अपाङ्गता स्वरोजगार कोषमा दावी गर्न पाउने छैन ।
- स्वरोजगार स्थापना वा प्रवर्धनका लागी लक्षित वर्गलाई सरल र सहजरुपमा पुँजी उपलव्ध गराईनेछ ।
- प्रत्येक आर्थिक वर्षमा अनुदान कोष र अपाङ्गता स्वरोजगार कोषको आय व्याय विवरण सबैको जानकारीको लागी संस्थाको ओयव साईडमा राखिनेछ ।